सबैखाले विभेदको अन्त्य र भ्रष्टाचारमुक्त सरकार
स्थानीय तहमा जनउत्तरदायी विकास निर्माणको आधार ।

# राष्ट्रिय जनमुक्ति पार्टी

## RASTRIYA JANAMUKTI PARTY

www.janamukti.org

## स्थानिय तहको निर्वाचन २०७९

# घोषणा-पत्र

प्रकाशन :

**राष्ट्रिय जनमुक्ति पार्टी**

केन्द्रीय प्रकाशन विभाग

janamukti48@gmail.com

Facebook.com/janamukti | Twitter.com/janamukti

# स्थानिय तहको निर्वाचन २०७९

## (घोषणा-पत्र)

आदरणीय जनसमुदाय,

लामो सघर्ष पछि स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अन्तर्गत देशमा दोस्रो पटक स्थानिय तहको निर्वाचन सम्पन्न हुन गइरहेको छ। आगामी वैशाख ३० गते सम्पन्न हुन गइरहेको यस निर्वाचनमा सहभागी हुदै गर्दा, प्रत्येक नेपालीले गत निर्वाचनमा विजेता भएकाहरुको काम-कार्वाहीको समिक्षा गर्नुहोस भनी अनुरोध गर्दछौं। तिनका घोषणा पत्रले व्यवहारिक उपलब्धि दियो अथवा रद्दिको टोकरीमा फालेर तिनले मनमर्जीको शासन चलाए भनी वस्तुगत ढंगले मूल्याङ्कन गर्नको लागि पनि जोडदार अपिल गर्न चाहन्छौं।

आउदो स्थानिय तहको निर्वाचन-२०७९ का लागि राष्ट्रिय जनमुक्ति पार्टीका तर्फबाट इमान्दार, जुझारु, प्रतिबद्ध र स्वयम्सेवी भावनाका योग्य उम्मेदवारहरु आगामी ५ वर्षका लागि स्थानिय सरकार संचालनको 'मतादेश' को आह्वान सहित यहाँहरुको घर-दैलोमा आउदै हुनुहुन्छ। तिनदशक लामो शान्तिपूर्ण, लोकतान्त्रीक, धैर्यवान, जुझारु, स्वावलम्बी र स्वच्छ छवि भएको अनुभवी राजनैतिक पार्टीको प्रतिबद्ध प्रतिनिधिहरुलाई आफ्नो जनप्रतिनिधि चुन्नु भई स्थानिय तहको निर्वाचन-२०७९ लाई सार्थक र सफल पार्न जोडदार अपिल गर्दछौं।

**१) समृद्ध गाउँ-शहर :**

१.१ रैथाने (स्थानिय) ज्ञान, सीप र विशेषतालाई संरक्षण र प्रोत्साहन हुने गरी सोही अनुसारको व्यापार, व्यवसाय-उद्यमको विकास र विस्तार गरिनेछ।

१.२ सार्वजनिक यातायातमा विद्युतिय साधनको प्रयोग लाई प्राथमिकतामा राखिनेछ। निजी तर्फ पनि विद्युतिय साधन र साईकल प्रयोगको लागी प्रोत्साहित गरिनेछ।

१.३ खाद्यान्न तथा अण्डा, माछा, मासु र तरकारी जस्ता अतिआवश्यक वस्तुमा सकेसम्म पालिका स्तरमा नै आत्मनिर्भर हुन सक्ने व्यवस्था गरिने छ। उक्त उत्पादनहरु नपुग भई खरिद गर्नुपर्ने अवस्थामा छिमेकी पालिका र स्वदेशी उत्पादनलाई नै प्राथमिकतामा राखिनेछ।

१.४ घरेलु तथा कुटीर उद्योगको संरक्षण विस्तार र विकासका लागी गुरु योजना बनाई काम गरिनेछ। यस्ता उद्योगहरुलाई कर मुक्त राखिनेछ।

१.५ निशुल्क योगा तथा ध्यान केन्द्र, बाल स्याहार केन्द्र, जेष्ठ नागरिक सरोकार केन्द्र, आधुनिक पुस्ताकालय, कला तथा साहित्य विकास केन्द्र र आधुनिक खेल मैदान स्थानिय सरकारको प्राथमिकतामा राखिनेछ।

१.६ अति विपन्न परिवार, बेरोजगार परिवार तथा अति दुर्गम क्षेत्रका नागरिकहरुका लागी खाद्य, स्वास्थ्य, यातायात आदिमा विशेष सहुलियतका लागी राहत कार्डको व्यवस्था हुनेछ।

१.७ वैदेशिक रोजगारमा गएका नेपालीहरुले पठाउने रकम (रेमिट्यान्स) लाई सदुपयोग गर्ने नीति स्थानिय

सरकारले लिनेछ। हाल रेमिट्यान्सको लगभग सबै जसो रकम उपभोग्य कार्यमा खर्च गर्ने प्रवृति रहेकोमा रेमिट्यान्सको कम्तिमा एक तिहाई रकम उत्पादनमुलक कार्यमा लगाउन प्रोत्साहित गर्ने नीति तथा योजना लागु गरिनेछ।

१.८ पालिका भित्र बोलिने मातृभाषाहरुमा शिक्षा र सरकारी कामकाजको अधिकारलाई प्रोत्साहन र संरक्षण गरिनेछ। मातृभाषाहरुमा संचार, साहित्य, सिनेमा आदिको विकासको लागि स्थानिय सरकारले विशेष नीति बनाई संरक्षण र प्रोत्साहन गर्नेछ। मातृभाषामा लेख्न-बोल्न जान्ने नयाँ पुस्ताका बाल बालिकाहरुलाई 'मातृभाषा प्रोत्साहन भत्ता' को व्यवस्था गरिनेछ।

१.९ जातिगत छुवाछुत वा भेद्भाव तथा महिला एवम् बाल हिंसा गर्नेलाई कानूनी रुपमा दण्डित गरिनुका साथै सरकारी नोकरी, लाभको पद वा सुविधा लिने क्षेत्र तथा अन्य सार्वजनिक पदधारणको अवसर बाट समेत बन्चित गरिनेछ।

१.१० शिक्षा क्षेत्रलाई मर्यादित ढंगले संचालन गरिनेछ। सार्वजनिक विद्यालयको स्तर उन्नतिका लागि विशेष लगानी र कार्य गरिनेछ। शिक्षण पेशामा संलग्नहरुलाई उच्च नैतिक चरित्रवान बनाउनुका साथै आवश्यकीय क्षेत्रमा उचित सहुलियत दिने व्यवस्था गरिनेछ।

१. ११ पालिका भित्रका कुनै व्यक्तिले शिक्षा, साहित्य, खेलकुद, सेवा, सिनेमा, आविष्कार वा व्यवसायमा राष्ट्रिय वा अर्न्तराष्ट्रिय सम्मान वा पुरस्कार प्राप्त गरेको अवस्थामा निजलाई 'पालिका-रत्न' को उपाधि प्रदान गरिनेछ। निजको परिवारलाई समेत पुरस्कृत गरिनेछ तथा स्थानिय सरकारले करमुक्तको सुविधा दिनेछ।

१.१२ स्थानिय सरकारले जारी गर्ने परिचय-पत्र मार्फत सबै गाउँ-नगरबासीले विद्युत, पानी, बैंकिङ्ग सेवा, व्यवसाय संचालन र मोबाइल सिम कार्ड लगायतका सेवा सुविधा प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ ।

## २. भ्रष्टाचार मुक्त स्थानिय सरकार :

२.१ राष्ट्रिय जनमुक्ति पार्टी भ्रष्टाचारको केवल न्यूनीकरण वा नियन्त्रण गर्ने होइन, त्यसलाई जरै देखि अन्त्य (निर्मूल) गर्ने लक्ष्य, संकल्प र कार्यक्रम बोकेको पार्टी हो। यो पार्टीले, भ्रष्टाचार भनेको आर्थिक अनियमितता वा पदिय दुरुप्रयोगको अपराध मात्र होइन बरु यो त जघन्य राष्ट्रिय अपराध हो, देशद्रोह सरहको अपराध हो भन्ने मान्यता राख्दछ। हामी आफूले नेतृत्व गरेको स्थानिय तहका सरकार पूर्णत भ्रष्टाचार मुक्त रहनेछ भनी घोषणा गर्दछौं।

२.२ स्थानिय तहमा यस अघि यदि भ्रष्टाचारका कुनै मुद्दा रहेछन भने त्यसलाई छानविनको दायरामा ल्याएर टुंगोमा पुर्‍याउने र दोषीलाई सजायको भागीदार गराउन इमान्दारिका साथ लागि पर्ने पनि घोषणा गर्दछौं।

## ३ समानुपातिक र विशेष अवसर :

३.१ स्थानिय तहमा रहने सबै संरचनाहरुमा पालिका भित्र बसोबास गर्ने जाति/समुदायहरुलाई सम्भव भएसम्म जनसंख्याको अनुपातमा अवसरको सृजना गरिनेछ।

३.२ विभिन्न कारणले पछाडि परेका वा पारिएका जाति/समुदाय, लिङ्गका साथै विकलाङ्गहरुका लागी विशेष अवसर सुनिश्चत गरिनेछ।

३.३ स्थानिय स्तरका विभिन्न क्षेत्रमा उपलब्ध अवसरहरुमा सम्भव भएसम्म महिलाहरुका लागि ५० प्रतिशत कोटा सुनिश्चत गरिनेछ।

## ४. धर्म निरपेक्षता र प्रथाजनिक कानून :

४.१ हाल धर्म निरपेक्षता संविधानको धारामा मात्र सिमित छ। सो अनुसारको कानून बनाउन आवश्यक पहल गरिनेछ। स्थानिय सरकार धर्म निरपेक्षताको मर्म अनुसार संचालित हुनेछ।

४.२ स्थानिय तह (पालिका भित्र) बसोबास गर्ने जाति समुदाय लाई तिनको प्रथाजनिक कानून (Customary law) अनुसार चल्ने अधिकार स्थानिय सरकारले सुनिश्चित गर्नेछ।

## ५ . पर्यटन विकास :

राष्ट्रिय जनमुक्ति पार्टीले विकास गर्न चाहेको पर्यटन भौगलिक मात्र नभई बहु आयामिक हुनेछ।

५.१ पर्यटनका मुख्य ४ खम्बा- भौगोलिक, जैविक, साँस्कृतिक र मौलिक (रैथाने) पर्यटन हुनेछ। यी ४ प्रकारका पर्यटनलाई संरक्षण, विकास अनि विस्तार गर्ने स्थानिय सरकारको नीति रहेछ।

५.२ पालिकास्तरमा अन्तर-पालिका पर्यटक आदान प्रदान गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

५.३ पर्यटनका विभिन्न रुपबारे राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा वैतनिक/अवैतनिक प्रतिनिधी नियुक्त गरि प्रचार प्रसार गरिनेछ।

## ६. उर्जा विकास :

६.१ जल विद्युत (सम्भव भएको अवस्थामा) र सौर्य उर्जालाई उर्जाको मुख्य स्रोतको रुपमा विकास गरिनेछ।

६.२ सार्वजनिक स्थान-सडक, बगैचा, पुस्तकालय आदि लगायतका प्रयोजनका लागी सौर्य उर्जालाई प्राथमिकता दिईनेछ।

६.३ भान्सा लगायत घरायसी प्रयोजनका लागी जल विद्युत उर्जाको प्रयोग/खपतका लागि प्रोत्साहित गरिनेछ।

६.४ सम्भावना भएका क्षेत्रहरुमा साना जल विद्युत आयोजना स्थानिय समुदायलाई र मझौला आयोजना पालिका सरकारको नेतृत्वमा सरकार, व्यवसायी र स्थानिय समुदायको 'त्रिपक्षीय साझेदारी मोडेल' को लगानीमा संचालन गरिनेछ।

## ७. रोजगारको सृजना र व्यवस्थापन :

७.१ कृषि, कृषिजन्य उद्योगका साथै घरेलु तथा कुटिर उद्योगका लागि आवश्यक तालिम र सहुलियत दरको दिर्घकालिन ऋण सहयोग मार्फत रोजगारी सृजना गरिनेछ।

७.२ एकल वा साझा प्रयासमा संचालन भई आएका उद्योग व्यवसायी मार्फत स्वरोजगाररत पालिका बासीहरुको हकमा पुरस्कार, अनुदान सहयोग र प्रोत्साहन पूँजी उपलब्ध गराई प्रोत्साहित गरिनेछ।

७.३ पालिकाले दिने पुरस्कार, अनुदान वा प्रोत्साहन पूँजीका लागि आवश्यक योग्यता स्वरोजगाररत व्यक्ति वा व्यवसायको कागजपत्र भन्दा व्यवहारिक जाँचको आधारमा तय गरिनेछ।

७.४ आफ्नो उद्योग व्यवसाय मार्फत अन्य व्यक्तिहरुलाई समेत रोजगार प्रदान गरिरहेका उद्योग व्यवसायलाई विभिन्न कर छुटका साथै पुरस्कार, अनुदान र प्रोत्साहन पूँजीको लागि पालिका सरकारले उचित व्यवस्था गर्नेछ।

७.५ बेरोजगारहरुका लागि विभिन्न सिप/प्राविधिक तालिमको व्यवस्था गरिनेछ। यस्ता तालिम लिएकाहरुले रोजगार नपाउँदाको अवस्थामा पालिका सरकारले बेरोजगार भत्ताको व्यवस्था गर्नेछ।

## ८. यातायात व्यवस्था :

८.१ पहाडी भेगमा स्थानिय सरकारहरुले विजुली बाट चल्ने रोपवे र केबलकारलाई आधारभूत बैकल्पिक यातायातको साधनको रुपमा विकास र विस्तार गर्नेछ। यसलाई सस्तो र सुलभ माध्यमको रुपमा विकास गरिनेछ।

८.२ पहाडी क्षेत्रका पर्यटकीय गन्तव्यका साथै तराई क्षेत्रमा समेत पर्यटकीय प्रयोजनका लागी केबलकार संचालन गर्न प्रोत्साहन गरिनेछ।

८.३ ठूला उपत्यका र तराई भेगमा विद्युतिय ट्राम र ट्रलि बसलाई आधारभूत यातायातको साधनको रुपमा विकास र विस्तार गरिनेछ।

८.४ गाउँ नगरका सडक बनाउँदा पैदल यात्रीलेन र साईकललेन अनिवार्य रुपमा राखिनेछ।

८.५ तत्काल पक्कि पुल बन्न नसक्ने वा तत्काल आवश्यक नभएको स्थानमा भरपर्दो झोलुङ्गे पुलहरु तत्काल निर्माण गरिनेछ। तुईनलाई पूर्णरुपमा विस्थापित गरिनेछ।

८.६ गाउँ घर-पहाडि क्षेत्रमा सडक विस्तारको नाउँमा वा अन्य निर्माणका क्रममा जथाभावी डोजर/एस्काभेटर प्रयोग गर्ने कार्यलाई निरुसाहित गरिनेछ। बाटो वा अन्य निर्माण कार्य गर्दा सकेसम्म पर्यावरण नखलबलिने वा कम क्षति हुने गरि प्रकृति-मैत्रि विधि प्रयोग गरिनेछ।

## ९. शिक्षा :

९.१ सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक र अध्यात्मिक (अनुशासन) को गुणस्तर उच्च बनाईनेछ।

९.२ शिक्षामा पहुँच नभएका वा कम भएका समुदायलाई कम्तिमा माध्यमिक तहसम्मको शिक्षा पुरा गराउन स्थानिय सरकारले विशेष व्यवस्था गर्नेछ।

९.३ कला, साहित्य, खेलकुद आविष्कारजन्य कार्य आदिमा खुबी र रुचि भएका प्रतिभाको पहिचान गरि विद्यालय स्तर देखि नै उचित रेखदेख, प्रशिक्षण र प्रोत्साहनको व्यवस्था गरिनेछ।

९.४ उत्पिडित दलित, अल्पसङ्ख्यक/सिमान्तकृत र लोपोन्मुख समुदायका विद्यार्थीहरुलाई मासिक प्रोत्साहन भत्ता दिईने व्यवस्था गरिनेछ।

९.५ निजी विद्यालयले लिने शुल्कको निर्धारण स्थानिय सरकारले तोके बमोजिम हुनेछ। निजी विद्यालयमा गरिब तथा जेहेनदार विद्यार्थीहरुका लागि निश्चित कोटा राख्नुपर्ने व्यवस्था लागु गरिनेछ।

## १०. उन्नत कृषि :

१०.१ परम्परागत कृषि प्रणालीमा आमूल परिर्वतन ल्याईनेछ। उन्नत र प्राङ्गारिक (अर्गानिक) कृषि नीति लागु गरिनेछ।

१०.२ कृषि उत्पादनको सुरक्षा र उचित बजार व्यवस्थापनको जिम्मेवारी स्थानिय सरकारले लिनेछ। कृषकलाई क्षति भएमा त्यसको शतप्रतिशत क्षति पूर्ति स्थानिय सरकारले दिने व्यवस्था हुनेछ।

१०.३ स्थानिय सरकारले कृषि उत्पादन क्षेत्र (Agriculture Zone) को विकास र संरक्षण गर्नेछ। कृषकलाई उत्पादनको कम्तिमा २० प्रतिशत मुनाफा सहितको बजार ग्यारेन्टि सरकारले गर्नेछ।

## ११. पुर्ख्यौली ज्ञान सिपको संरक्षण :

११.१ नेपालका विभिन्न जाति/समुदायहरुसंग रहेको उनका पुर्ख्यौली ज्ञान सिपलाई उचित संरक्षण तथा प्रोत्साहन गरिनेछ। यस्ता ज्ञान सिपलाई उनीहरुका आर्थिक विकासका लागि उपयोग गर्न सघाउने/प्रोत्साहित गर्ने नीति स्थानिय सरकारले दिनेछ।

**१७. सामाजिक सुरक्षा :**

१७.१ पचहत्तर वर्ष पुगेका जेष्ठ नागरिकहरुका लागि निशुल्क मासिक पौष्टिक आहारको समेत व्यवस्था गरिनेछ।

१७.२ शारीरिक र मानसिक अपाङ्गहरुलाई न्यूनतम जिवन निर्वाह हुन सक्ने गरि सामाजिक सुरक्षा भत्ता दिईने व्यवस्था गरिनेछ।

१७.३ बेरोजगार एकलमहिलाको हकमा निजलाई रोजगार वा स्वरोजगारको अवसरमा प्राथमिकता दिईने र बरोजगार रहनु परेको अवस्थामा न्यून्तम जिवन निर्वाह हुन सक्ने गरि सामाजिक सुरक्षा भत्ता दिइनेछ।

१७.४ नब्बे वर्ष पुरा गरेका जेष्ठ नागरिकलाई 'पालिका-अभिभावक' को रुपमा उच्च सम्मान प्रदान गरिनेछ। निजहरुलाई नियमित स्वस्थ आहार को साथै उचित रेखदेखको लागि एक जना स्वास्थ्य सहयोगी स्थानिय सरकारको तर्फबाट निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**१८ विशेष व्यवस्था :**

१८.१ देशको सिमा क्षेत्रमा भएका घटनामा सहादत भएका एवम् विभिन्न समयमा भएका आन्दोलनहरुमा सहादत प्राप्त गरेका व्यक्तिहरुको उचित सम्मान, निजहरुको आश्रित परिवारलाई सहयोग तथा घाइतेहरुका लागि पूर्ण उपचार एवम् आर्थिक राहतको व्यवस्था गरिनेछ।

१८.२ अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख समुदायको साथै मौलिक विशेषतायुक्त क्षेत्रहरुको लागि स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र आदिको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

१८.३ उच्च स्तरको वा महँगो प्राविधिक शिक्षाको लागि स्थानिय सरकारले न्यूनतम ब्याजमा दिर्घकालिन ऋण सहयोग दिने व्यवस्था गरिनेछ।

१८.४ गम्भिर प्रकृतिका (क्यान्सर, मृगौला, मुटु आदि) रोग बाट ग्रसित विपन्न परिवारलाई निशुल्क उपचारको साथै नियमित औषधि, खुराकि सेवनको लागि आर्थिक सहयोग दिने परिपाटी बसालिनेछ।

**आदरणीय जनसमुदाय,**

आउदै गरेको निर्वाचन स्थानिय तहको भएता पनि सचेत नेपाली भएको नाताले सबैले राष्ट्रिय परिस्थिति बारे पनि चिन्तन मनन गर्न आवश्यक छ । यसै सन्दर्भमा निम्न विषयमा बारम्बार घोत्लिन हाम्रो अनुरोध छ :

१. विश्वका सबै भन्दा बढी मूलुकहरुमा अदक्ष कामदारको रुपमा दैनिक १५ सय यूवाहरुलाई निर्यात गर्ने नेपाल सरकारले उनीहरुको रोजगार र जिवन रक्षाको वैधानिक अधिकार बारे किन पहल गर्दैन ? वैदेशिक रोजगारमा रहदा दैनिक सरदर ३ जनाको दरले "अज्ञात मृत्यु" व्यहोर्न बाध्य नेपाली यूवा र तिनका आश्रित परिवारबारे राज्य किन संवेदनहिन, उत्तरदायित्वहिन भई बसेको छ ? मानव तस्करका कारणले विभिन्न मूलकमा असुरक्षित, प्रताडित र यौन हिंसाको सिकार हुन बाध्य नेपाली युवतीहरुको अवस्था र त्यसको कारण बारे राज्य किन विवेक शुन्य, निरिह र मौन छ ?

## १७. सामाजिक सुरक्षा :

१७.१ पचहत्तर वर्ष पुगेका जेष्ठ नागरिकहरुका लागि निशुल्क मासिक पौष्टिक आहारको समेत व्यवस्था गरिनेछ।

१७.२ शारीरिक र मानसिक अपाङ्गहरुलाई न्यूनतम जिवन निर्वाह हुन सक्ने गरि सामाजिक सुरक्षा भत्ता दिईने व्यवस्था गरिनेछ।

१७.३ बेरोजगार एकलमहिलाको हकमा निजलाई रोजगार वा स्वरोजगारको अवसरमा प्राथमिकता दिईने र बरोजगार रहनु परेको अवस्थामा न्यून्तम जिवन निर्वाह हुन सक्ने गरि सामाजिक सुरक्षा भत्ता दिइनेछ।

१७.४ नब्बे वर्ष पुरा गरेका जेष्ठ नागरिकलाई 'पालिका-अभिभावक' को रुपमा उच्च सम्मान प्रदान गरिनेछ। निजहरुलाई नियमित स्वस्थ आहार को साथै उचित रेखदेखको लागि एक जना स्वास्थ्य सहयोगी स्थानिय सरकारको तर्फबाट निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ।

## १८ विशेष व्यवस्था :

१८.१ देशको सिमा क्षेत्रमा भएका घटनामा सहादत भएका एवम् विभिन्न समयमा भएका आन्दोलनहरुमा सहादत प्राप्त गरेका व्यक्तिहरुको उचित सम्मान, निजहरुको आश्रित परिवारलाई सहयोग तथा घाइतेहरुका लागि पूर्ण उपचार एवम् आर्थिक राहतको व्यवस्था गरिनेछ।

१८.२ अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख समुदायको साथै मौलिक विशेषतायुक्त क्षेत्रहरुको लागि स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र आदिको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

१८.३ उच्च स्तरको वा महँगो प्राविधिक शिक्षाको लागि स्थानिय सरकारले न्यूनतम व्याजमा दिर्घकालिन ऋण सहयोग दिने व्यवस्था गरिनेछ।

१८.४ गम्भिर प्रकृतिका (क्यान्सर, मृगौला, मुटु आदि) रोग बाट ग्रसित विपन्न परिवारलाई निशुल्क उपचारको साथै नियमित औषधि, खुराकि सेवनको लागि आर्थिक सहयोग दिने परिपाटी बसालिनेछ।

**आदरणीय जनसमुदाय,**

आउदै गरेको निर्वाचन स्थानिय तहको भएता पनि सचेत नेपाली भएको नाताले सबैले राष्ट्रिय परिस्थिति बारे पनि चिन्तन मनन गर्न आवश्यक छ । यसै सन्दर्भमा निम्न विषयमा बारम्बार घोत्लिन हाम्रो अनुरोध छ :

१. विश्वका सबै भन्दा बढी मूलुकहरुमा अदक्ष कामदारको रुपमा दैनिक १५ सय यूवाहरुलाई निर्यात गर्ने नेपाल सरकारले उनीहरुको रोजगार र जिवन रक्षाको वैधानिक अधिकार बारे किन पहल गर्दैन ? वैदेशिक रोजगारमा रहदा दैनिक सरदर ३ जनाको दरले "अज्ञात मृत्यु" व्यहोर्न बाध्य नेपाली यूवा र तिनका आश्रित परिवारबारे राज्य किन संवेदनहिन, उत्तरदायित्वहिन भई बसेको छ ? मानव तस्करका कारणले विभिन्न मूलकमा असुरक्षित, प्रताडित र यौन हिंसाको सिकार हुन बाध्य नेपाली युवतीहरुको अवस्था र त्यसको कारण बारे राज्य किन विवेक शुन्य, निरिह र मौन छ ?

२. बहुदलीय व्यवस्था सम्म पनि कृषि खाद्यन्नमा एसियाकै आत्मनिर्भर र खाद्य उत्पादन निर्यातकको हैसियतमा रहेको नेपाल ३ दशकको अन्तरालमा किन, कसरी र कस्को कारणले परनिर्भर र चरम आयातकर्ता मूलुकको रुपमा परिणत हुन पुग्यो ? ५ देखि १० प्रतिशत जनता कृषिमा लागेका विभिन्न मूलुकहरु कृषि उत्पादनमा आत्म निर्भर हुने तर ६० प्रतिशत भन्दा बढी जनताले कृषि कार्य गर्ने नेपाल चाहि किन र कसरी परनिर्भर ?

३. छिमेकी भारत स्वतन्त्र हुनु भन्दा अगाडि, राणाकालिन समयमै विराटनगर जुट मिलबाट नेपालले समातेको औद्योगिक युगको गन्तव्य र त्यसपछि विभिन्न काल खण्डमा मित्र राष्ट्रहरुको सहयोगमा स्थापित कागज, सिमेन्ट, चिनी, छाला-जुत्ता, इट्टा-भट्टा, धागो, कपडा र रबर आदि कारखानाहरु धमिराले खाएको काठ जस्तो कसरी ध्वस्त र धरासायी भए ? संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा आईपुग्दा समेत हामी औद्योगिक प्रगति गर्न किन सकिरहेका छैनौ ?


४. नेपालको वैकल्पिक यातायातको रुपमा आएको रोप वे (हेटौडा-काठमाण्डौं) सेवा र काठमाण्डौं उपत्यकामा संचालित ट्रलि बस सेवाको विकास र विस्तार हुनु पर्नेमा किन विनाश/अन्त्य भयो ? कुनै बेला हवाई यातायातको क्षेत्रमा स्थापित र अग्रणी रहेको राष्ट्रिय ध्वजाबाहक (नेपाल वायु सेवा निगम) आज दयनिय हालतमा किन र कसरी पुग्यो ? धमिजा काण्डदेखि वाईड बडी काण्ड सम्मको खलपात्रहरुलाई सजायको हकदार बनाउने कसले ?

५. नेपालमा जातीय भेद्भावमा आधारित कानून (मूलुकी ऐन १९१०) जारी भएको १ सय १० वर्ष पछि (वि.सं. २०२० मा) मात्र खारेज गरियो । अहिले मूलुकी सँहिता २०७४ समेत लागु भई सकेको छ । तर वैधानिक रुपमा जातीय भेद्भाव (छुवाछुत समेत) जस्ता मानव अधिकार विरोधी मूल्य र मान्यतालाई कानूनी रुपमै खारेज गरिएको आधा शताब्दी भन्दा बढी भईसक्दा र नयाँ कानूनको युगमा मूलुक अघि बढ्दा समेत त्यो अमानवीय कुप्रथा आज सम्म पनि किन र के कसरी जीवित रही आएको छ ? देशको १३ प्रतिशत भन्दा बढी जनसंख्या २१ औं शताब्दीको युगमा पनि 'दलित' को रुपमा तेस्रो दर्जाको नागरिक भएर बाँच्न बाध्य किन भएका वा बनाइएका छन् ?

६. ७२ वर्ष अगाडि (२००७ सालको परिवर्तन हुदा) सम्म समेत नेपाल माथि कति पनि विदेशी ऋण थिएन । तर आज संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था सम्म आइपुग्दाको अवधीमा हाम्रो मूलुक खर्बौको ऋण (प्रति व्यक्ति ५० हजार भन्दा बढी) को भारले थिचिएको छ तर पनि यातायात उर्जा, कृषि, उद्योग, पर्यटन , खानी उत्खनन जस्ता कुनै पनि क्षेत्रमा उल्लेखिय विकास र प्रगति भएन बरु यस बिचमै नेपाल एसियाकै गरिब र भ्रष्ट मूलुकहरुको सूचिमा दर्ज हुन पुगेको छ । किन ?

**आदरणीय जनसमुदाय,**

माथिका ६ प्रसंगको विषयमा वास्तविक जिम्मेवार को ? जवाफदेही को ? दोषी को ? यस बारे खुल्ला बहस, छलफल र घरघरमा मन्थन आवश्यक छ । किनभने यसको समिक्षा गरेर अगाडि बढ्न सक्यौं भने मात्र आसन्न स्थानिय तहको निर्वाचन (२०७९ वैशाख ३० गते) मा उचित निर्णय लिन, उपयुक्त राजनैतिक दलको प्रतिनिधिलाई मतादेश दिन सहज हुनेछ भन्ने हाम्रो बुझाई छ । धन्यवाद !



**सचेत नेपालीहरुलाई आव्हान-'घर' चिन्हमा मतदान !**